सिरानचोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

गण्डकी प्रदेश, नेपाल

प.सं.:२०७९।०८०

च.नं. :

मिति:२०८०/०१/०८

## सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यस सिरानचोक गाउँपालिकाको आ.व २०७९/०८०का लागि वजेट विनियोजन भई विभिन्न योजनाहरु कार्यान्वयनमा रहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ। यसै क्रममा सिरानचोक गाउँपालिकाले आ.व २०७९/०८०को हिउँदे सभाबाट पनि केही थप आवश्यक योजनाहरुमा वजेट विनियोजन गरेको छ।त्यसकारण आ.व २०७९/०८०मा विनियोजन भएका सवै योजनाहरुको कार्यान्वयनका लागि यस आर्थिक वर्षको बाँकी रहेको समय र आउदै गरेको बर्खायामलाई मध्यनजर गर्दै सो योजनाहरु कार्यान्वयन गर्न/गराउनका लागि उपभोक्ता समिति गठन गरि मिति २०८०/०१/२५ गते भित्र सम्झौता गरि योजना कार्यान्वयन गराउनुहुन सम्वन्धित सवैमा अनुरोध छ।तोकिएको समय भित्र सम्झौता हुन नसकेका योजनाहरुको सम्झौताका लागि कार्यालय वाध्य हुने छैन। साथै सम्पन्न भएका योजनाहरुको भुक्तानीका लागि तपसिल वमोजिमको बार/समयमा उपस्थित हुनुहुन सम्बन्धित सवैमा अनुरोध छ।अन्य बार/समयमा जनप्रतिनिधि र कर्मचारीहरु फिल्ड अनुगमन र कार्यालयको अन्य कार्यमा व्यस्त हुने हुँदा सेवाग्राहीमा पर्न गएको असर प्रति क्षमाप्राथि छौ।

तपसिल:

| क्र.स | वडा नं | बार/समय | कैफियत |
|---|---|---|---|
| १. | वडा नं १,२,३ | हरेक हप्ताको आइतबार (विहान १० बजे देखि दिनको ४ बजे सम्म) | |
| २. | वडा नं ४,५,६ | हरेक हप्ताको सोमवार (विहान १० बजे देखि दिनको ४ बजे सम्म) | |
| ३. | वडा नं ७,८ | हरेक हप्ताको मंगलबार (विहान १० बजे देखि दिनको ४ बजे सम्म) | |

..............................

उमेश कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत